स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीले निर्माण गरेको फिल्म 'बोक्सीको घर'को प्रदर्शन मिति घोषणा भएको छ । यो फिल्म वैशाख १४ गतेदेखि हलमा रिलिज हुने भएको छ । अधिकारीकै होम प्रोडक्सनमा बनेको यो फिल्ममा उनकै शीर्ष भूमिका छ । नाटककै लेखक तथा निर्देशक सुलक्षण भारतीले यो कथानक फिल्मलाई निर्देशन गरेका हुन् । फिल्ममा केकीसहित सुपला सापकोटा, स्वेच्छा राउत, सुलक्षण भारती, रमा थपलिया, सुष्मा निरौला, सविन बाँस्तोला लगायतको अभिनय छ ।

**आजको विचार...**



हिजो... (दुई पेजमा)

प्राडा तीर्थप्रसाद मिश्र



फिल्म निर्देशक निश्चल बस्नेतले आफ्नो नाममा रहेको तीन रोपनी पुर्ख्यौली जग्गा स्थानीय स्वास्थ्य संस्थालाई दान गरेका छन् । इलाम नगरपालिका-१ साखेजुङमा रहेको तीन रोपनी दुई दाम दुई पैसा क्षेत्रफलको जग्गा उनले आधारभूत स्वास्थ्य उपकेन्द्रलाई दिएका हुन् । बुवाको इच्छामा उक्त जग्गामा स्वास्थ्य संस्थालाई प्रदान गरेको निश्चलले बताए । मालपोतमा जग्गा दान गर्न उनी बुवासँगै कार्यालयमा पुगेका थिए । वडा नम्बर १ का अध्यक्ष गायत्रीराम बस्नेतले निश्चलले दिएको उक्त जग्गा निकै उपयोगी हुने बताए ।

❐ वर्ष २९ ❐ अंक १९१ ❐ २०८० माघ २५ गते बिहीबार 8 February 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## प्रतिनिधि सभा बैठक : समसामयिक विषयमा सांसदहरुले गराए सरकारको ध्यानाकर्षण

**हाम्रा संवाददाता**

**पाल्पा,** माघ २४/प्रतिनिधि सभाको बुधबार बसेको बैठकमा सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा बोल्दै सांसदहरुले समसामयिक विषय, विभिन्न विकास पूर्वाधार आयोजना निर्माणमा भएको ढिलाइ र न्यून पुँजीगत खर्चबारे सरकारको ध्यानाकर्षण गराएका हुन् ।



प्रतिनिधि सभा सदस्य डा. अमरेशकुमार सिंहले गत आर्थिक वर्षमा काम सम्पन्न गरिसकेका निर्माण व्यवसायीलाई भुक्तानी नदिइएको भन्दै सरकारको ध्यानाकर्षण गराए । उनले विकास निर्माणको काममा सरकारले गति दिन नसकेको बताए । उनले भने- 'यो सरकारले विकास निर्माण अवरुद्ध गर्न खोजेको नै हो । किनकी गत आर्थिक वर्षमा काम गरेको निर्माण व्यवसायीको पेमेन्ट अहिले पनि गरेको छैन । नयाँ काम सुरु भएको छैन ।' सांसद अच्युतप्रसाद मैनालीले सरकारको चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा पुँजीगत शीर्षकमा १७ प्रतिशत बराबर मात्रै खर्च भएको विषय उठाए । विभिन्न सडकखण्ड तथा विकास पूर्वाधार आयोजनाको जग्गाको मुआब्जा वितरण गरिनुपर्ने उनले सरकारसँग माग गरे । सांसद अमनलाल मोदीले सहकारीमा जनताले बचत गरेका पैसाको दुरुपयोग भइरहेको भन्दै देशभरका सहकारी संस्थाहरुलाई छानविनको दायरामा ल्याउनुपर्ने बताए । उनले छानबिन गरी दोषि उपर कारवाही गर्नुपर्ने पनि बताए । सांसद मोदीले भने 'देशैभरी जनताले खाइ नखाइ आफ्नो श्रम, पसिनाबाट आर्जित गरेको पैसा वचत गर्छ । तर ति वचतहरु, लाखौँलाख जनताको पैसाहरु दुरुपयोग भइराखेको छ । ति पैसाहरु न जनताले फिर्ता पाएका छन्, न सम्बन्धित मान्छेहरुले कारवाही भोगेका छन् । म विशेष आग्रह गर्न चाहन्छु सरकारलाई, देशैभरीको सहकारी संस्थालाई छानविनको दायरामा ल्याएर जनताको पैसा फिर्ता गर्नुपर्छ ।' नेपाली कांग्रेसका सांसद डा.चन्द्र भण्डारीले न्यायपालिकाले संसदले पारित गरेको निर्वाचन क्षेत्र पूर्वाधार विकास आयोजना खारेज गरेको भन्दै व्यवस्थापिकाको अधिकार न्यायपालिकाले प्रयोग गर्न नपाउने बताए । उनले व्यवस्थापिकाले आफ्नो अधिकारको संरक्षण गर्न नसके व्यवस्थापिकाप्रति प्रश्न उब्जिने धारणा व्यक्त गरे । भण्डारीले एकले अर्काको अधिकार प्रयो गर्ने हो भने व्यवस्थापिका र कार्यपालिकालाई राजश्व तिरेर पाल्नुपर्ने आवश्यकता नभएको बताए । सांसद असिम साहले पुष १३ गते ललितपुरको बालकुमारी र सर्लाहीमा युवकहरुको ज्यान गुमाएको सम्बन्धमा छानबिन गर्न गठिन आयोगहरु मौन बसिरहेका भन्दै प्रश्न गरे । उनले घटनाको छानवीन गरी प्रतिवेदन पेश गर्न आग्रह समेत गरे । सांसद साहले सम्झौता अनुरुपको क्षतिपूर्ति नदिइएको भन्दै त्यसप्रति पनि सरकारको ध्यानाकर्षण गराएका छन् । सांसद चित्रबहादुर केसीले भारत र चीनलाई जोड्ने कालीगण्डकी कोरिडोर र मध्यपहाडी राजमार्ग निर्माणको कामले गति लिन नसकेको तथा ती आयोजनामा काम गरेका निर्माण व्यवसायीले सरकारबाट भुक्तानी पाउन नसकेको बताए । सांसद अम्मरबहादुर रायमाझीले विकास खर्च न्यून देखिएको उल्लेख गर्दै पूर्वाधार आयोजना ठप्प प्राय: रहेको बताए । निर्माणाधीन आयोजनाको काम चाँडो गरिनुपर्ने उनको माग छ । सांसद ईश्वरी घर्तीले देशमा आन्तरिक बसाईसराइको अवस्था चिन्ताजनक भएको भन्दै सरकारको ध्यानाकर्षण गराए । उनले भौतिक पूर्वाधार र विकासको अभाव तथा शिक्षा, स्वास्थ्य र बेरोजगारीका कारण बसाईसराइ भइरहेको भन्दै यसतर्फ पनि सकारको ध्यानाकर्षण गराए । सांसद उर्मिला माझीले नेपालको न्यायपालिका भ्रष्ट र परिवर्तन बिरोधी बनेको बताइन् । उनले सुशासन कायम गर्ने सरकारको कदममा न्यायपालिका बाधक बनेको धारणा व्यक्त गरिन् । सांसद गोकुलप्रसाद बाँस्कोटाले वर्तमान सरकार इतिहासकै नालायक, गतिहिन र जवाफदेहिता विहीन भएको बताए । सांसद अञ्जनी श्रेष्ठले प्रस्तावित निजगढ-हेटौँडा-भरतपुर विद्युतीय रेलमार्ग निर्माण गर्दा मानववस्ती र घना आवासीय क्षेत्रमा असर पर्ने देखिएकाले अर्को विकल्प खोजिनुपर्ने धारणा राखिन् ।

(...बाँकी अन्तिम पेजमा)

### सक्षिप्त समाचार

## चौधरी सहित तीन रिहा

**काठमाडौं,** माघ २४/बाँसबारी छाला जुत्ता कारखाको जग्गा प्रकरणमा पक्राउ परेका च्याम्पियन फूटवेयर लिमिडेटका सञ्चालक तथा व्यवसायी अरुण चौधरीसहित तीन जना रिहा भएका छन् ।

जिल्ला अदालत काठमाडौँको आदेशअनुसार बुधबार चौधरीसहित बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष अजितनारायण सिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिकासञ्चालक सञ्जय ठाकुर हाजिरी जमानीमा रिहा भएको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, 'जिल्ला अदालत काठमाडौँको आदेशअनुसार हाजिरी जमानीमा आज तीनै जनालाई छाडिएको छ, यद्यपि सो प्रकरणको अनुसन्धान भने जारी छ ।' सोमबार काठमाडौँ जिल्ला अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले अनुसन्धानमा सहयोग गर्ने गरी हाजिर जमानीमा छाडी बाँकी अनुसन्धान पूरा गर्न सीआईबीलाई आदेश दिएको थियो । बाँसबारी छाला जुत्ता कारखानाको जग्गा निजीकरण गर्न खोजिएको भन्दै ब्यूरोले उनीहरुलाई पक्राउ गरेको थियो । *-रासस*

## सत्ता स्वार्थका कारण लोकतन्त्र संस्थागत हुन सकेन : एमाले नेता पोखरेल

**पाल्पा,** माघ २४/नेकपा एमालेका महासचिव शंकर पोखरेलले सत्ता स्वार्थका कारण लोकतन्त्र संस्थागत हुन नसकेको बताएका छन् । बुधबार तानसेनमा आयोजित पार्टीको प्रशिक्षक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।



महासचिव पोखरेलले ठूलो संघर्ष र आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरिएको भएको पनि राजनीतिक दलहरुको सत्ता स्वार्र्थका कारण अझै पनि संस्थागत हुन नसकेको धारणा व्यक्त गरे । जसरी पनि सत्तामा टिकिरहने सत्तागठबन्धन आवद्ध दलहरुको सोंचले मुलुक अप्ठ्यारोमा परेको उनले बताए । निर्वाचन अगाडि नै गठबन्धन गरेर मुलुकलाई बन्धक बनाउने काम भइरहेको पोखरेलले आरोप लगाए । 'विकास निर्माणका काम अलपत्र अवस्थामा छन् । ऋण दैनानुदिन बढिरहेको छ । जनता गरिबीले छट्पटिएका छन् । युवा विदेशतिर जान बाध्य भइरहेका छन् ।' उनले भने 'सरकार सत्ताको खेलमा मात्र व्यस्त छ ।' एमालेको सरकारले मात्र मुलुकको विकास गर्ने उनले दाबी गरे । विगतका आन्दोलनबाट पाठ सिकेर सबै राजनीतिक दलहरू अगाडि बढ्नुको विकल्प नरहेको समेत उनले बताए । महासचिव पोखरेलले दुर्गाप्रसाई अराजकताको प्रतिनिधि पात्र भएको बताएका छन् । उनले प्रसाई जस्ता नेता बेलाबखत पार्टीमा जन्मने र आफ्नो स्वार्थ पूरा नभएपछि धोका दिएर जाने प्रवृत्ति मौलाएको पनि बताए । पोखरेलले थपे 'यस्ता खालका नेतालाई जनताले विस्तारै पाखा लगाउँदै जान्छन् ।' यस्ता व्यक्तिप्रति पार्टी र जनता होसियार हुनुपर्ने उनले बताए । मंगलबारदेखि सुरु भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रम तीन दिन सञ्चालन हुनेछ । बुधबार एमाले केन्द्रीय सचिव पद्मा अर्याल, पोलिटब्यूरो सदस्य बैजनाथ चौधरी, केन्द्रीय सदस्य सिर्जना कार्के, केन्द्रीय स्कुल विभाग सचिव घनश्याम कोइराला, सदस्य बद्री खनाल लगायतले प्रशिक्षण दिएको एमाले जिल्ला सचिव रामजी पोखरेलले जानकारी दिए ।

## रामपुरमा लोक भजन संरक्षण अभियान

**रामपुर (पाल्पा),** माघ २४/भजन गाउँदा र सुन्दा हरेकलाई आनन्दित तुल्याउँछ । गाउँघरमा हुने विभिन्न धार्मिक कार्यमा लोक भजन गाउने र नाच्ने चलन परम्परादेखि नै चलिआएको संस्कृति हो । पछिल्लो समय नयाँपुस्ताले भजन गाउन नसिक्दा लोपोन्मुख अवस्थामा पुगेकामा जेष्ठ नागरिक चिन्तित बनेका छन् ।



भजनको महत्वलाई जोगाइराख्न पाल्पाको रामपुर नगरपालिकामा 'खुला लोक भजन प्रतियोगिता' हुने भएको छ । रामपुर भजनकीर्तन मण्डलीको आयोजना तथा रामपुर-६ को वडा कार्यालयको आर्थिक सहयोगमा आगामी फागुन २ गते वसन्तपञ्चमीको दिन प्रतियोगितात्मक कार्यक्रमको तयारी गरेको जनाएको छ । रामपुर नगर तथा आसपास क्षेत्रका प्रचलनमा रहेका, पुस्ता हस्तान्तरण हुन नसकेका मौलिक र सनातनरुपमा प्रचलित लोक भजन संस्कृतिको उजागर एवं संरक्षण गर्नका लागि प्रतिस्पर्धात्मक प्रतियोगिता गर्न लागिएको भजनकीर्तन मण्डलीका अध्यक्ष टीकाराम ढकालले बताए । प्राचीन समयदेखि गाउँ/समाजमा चलिआएका मौलिक संस्कृतिका रुपमा रहेको भजनलाई नयाँ पुस्तामाँझ महत्व बुझाउन कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो । ढकालले परम्परादेखि चलिआएका कला संस्कृतिको जगेर्ना र संरक्षणमा ऐक्यबद्धता जनाउँदै लोक भाका, संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वडाबाट चालु आर्थिक वर्षमा एक लाख ५० हजार रकम विनियोजन गरिएको रामपुर-६ का वडाध्यक्ष दिवाकर देवकोटाले जानकारी दिए । भजन प्रतियोगितामा एक समूहमा सात जना हुनुपर्ने, प्रस्तुतिको समय १५ मिनेट रहने तथा टिम दर्ता नि:शुल्क गरिने आयोजकले जनाएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवा जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## संसद् अधिवेशनप्रतिको अपेक्षा

**संवैधानिक प्रावधानअनुरूप सोमबारदेखि संघीय संसदको हिउँदे अधिवेशन सुरु भएको छ । नेपालमा वर्षे तथा हिउँदे गरी दुई पटक संसद् अधिवेशन आह्वान गरिने परम्परा रहिआएको छ । जसअनुसार अहिले हिउँदे अधिवेश सुरु भएको हो । संसद्को हिउँदे अधिवेशनलाई आमरूपमा विधेयक अधिवेशन मानिन्छ । तर, विडम्बना के छ भने अघिल्लो हिउँदे अधिवेशन एउटा पनि विधेयक पारित नगरी समापन भएको थियो । यसपाली बजेट अधिवेशन सकिएको तीन महिनापछि संसद् अधिवेशन सुरु भएको छ। यो अधिवेशनमा 'प्रिबजेट' छलफल गराउने देखि मुलुकका जल्दाबल्दा सामयिक मामिलामा छलफल गर्ने, सरकारको निगरानी गर्ने र आवश्यक निर्देशन दिनेजस्ता नियमित जिम्मेवारी रहेका छन् ।**

**अधिवेशनलाई थप व्यवस्थित बनाउनुपर्ने अहिलेको आवश्यकता हो । यसलाई सांसदहरूको लागि पनि सिक्ने थलोका रूपमा लिने हो भने उनीहरूले पनि हिजोका कमी कमजोरीलाई सच्याउने र नयाँ-नयाँ कार्यायोजनाका साथ अगाडि बढ्ने प्रतिवद्धता जनाउनै पर्छ । त्यसै भएर हुनसक्छ अब संघीय संसद क्यालेण्डर बनाएर अगाडि बढ्ने भएको छ । यसो हुँदा संसद् नियमित र प्रभावकारी रूपमा सञ्चालन होला भन्ने अपेक्षा गर्न सकिन्छ । वास्तवमा संसद् भनको ऐन कानुन बनाउने थलो हो । यो सामान्य ठाउँ होइन । ख्याल ठट्टा र कलह झगडा गर्ने ठाउँ पनि होइन । राष्ट्रलाई आवश्यक पर्ने ऐन कानुन बनाउने थलो हो । तर आम जनाले भने एकले अर्कालाई दोषारोपण लगाउने, निदाउने र घुर्ने, टेवुल ठटाउने जस्ता काम गर्ने थलो हो भनेर जनताले संसद्लाई लिने गरेका छन् । जनताको यस धारणामा परिवर्तन आउने गरी संघीय संसद्को चालु अधिवेशनले काम गरेर देखाउनुपर्छ । जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात गर्दै संसदलाई प्रभावकारी र नतिजामुखी बनाउने दिशामा सभामुख देवराज घिमिरेको जोड छ । उनले संसदीय क्रियाकलापको समीक्षा र कमजोरीको सुधारले यस संस्थाप्रतिको विश्वास र भरोसा वृद्धि हुँदै जान्छ भन्ने अभिव्यक्तिले जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने अपेक्षा गर्न सकिन्छ ।**

## Opinion @ Social Network

प्रत्येक मानिसको हृदय भित्र एउटा विशाल आकाश हुन्छ, तर फरक यति होकि । कसैको उज्यालोमा निलो आकाश हुन्छ भने कसैको अध्यारो बादल लागेको हुन्छ ।।
*(कृष्ण पराई मगरको फेसबुक स्टाटस https://www.facebook.com/krishna.p.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हिजो के थियो आज के भयो



**प्राडा तीर्थप्रसाद मिश्र**

***नेपालमै उत्पादित वस्तुबाहेक भारतीय सामान भोटको बजारमा र भोटका व्यापारिक वस्तु हिन्दुस्थानको बजार मा पुर्याउने नेपाली नै थिए । त्यही समयमा आएका चिनियाँ यात्रीहरूले तत्कालीन शासकको वैभव र आर्थिक अवस्थाका विषयमा प्रकाश पारेका छन् । आर्थिक स्थिति राम्रै भएको कारणले मानगृह, कैलाशकुट भवन, भद्राधिवास भवन जस्ता विशाल राजप्रासाद बन्न सकेका थिए । व्यापारीहरू गुहमित्र र रत्नसंघ जस्ता सार्थबाहु (व्यापारी नाइके)का धार्मिक स्मारक नै बनाएका थिए ।***

कुनै पनि समाज वर्तमान समयसँग सन्तुष्ट हुँदैन । हुन पनि हुँदैन । यो शाश्वत् सत्य हो । तर, आज आएर हामीलाई हिजोका दिन पो राम्रा थिए कि ? भन्ने लाग्न थालेको छ । नेपाली समाजमा आफ्नो सन्तान र पोहोरको बाली राम्रो भन्ने आहान पनि प्रचलित छ । नेपाली शासकहरूले पूर्वाधिकारीहरूलाई दोष लगाउने र उनीहरूका कमीकमजोरी औंल्याई आफूलाई अब्बल साबित गर्ने परम्परा नै बसेको छ । अहिले हेर्ने हो भने पनि आफ्ना पूर्वसरकारलाई तथानाम भनेर वर्तमान सरकार थाकेको छैन । अरूको अवमूल्यन गरेर आफ्नो महत्त्व देखाउने मनोविज्ञानबाट नेपाली समाज ग्रसित छ । हिजोको नेपालको चर्चा गरौं । नेपालको प्रामाणिक इतिहासको प्रारम्भ शिलालेखबाट हुन्छ । प्राथमिककालीन नेपालको इतिहासमा शिलालेखकै बाहुल्य भए पनि लिच्छविकालको उत्तरार्धदेखिका अभिलेख उपलब्ध छन् । लिच्छविकालमा नेपालको आर्थिक स्थिति उन्नत थियो । कृषि, पशुपालन र व्यापार सबै क्षेत्र ठिकै थिए । व्यापारमा त नेपालले नाम नै कमाएको थियो । कौटिल्यको अर्थशास्त्रमा नेपाली उनी कम्मलको माग भारतमा मात्र होइन धेरै टाढा टाढासम्म थियो भन्ने उल्लेख छ । त्यसताका नेपाल-भोट व्यापार खुब फस्टाएको थियो । नेपालमै उत्पादित वस्तुबाहेक भारतीय सामान भोटको बजारमा र भोटका व्यापारिक वस्तु हिन्दुस्थानको बजारमा पुर्याउने नेपाली नै थिए । त्यही समयमा आएका चिनियाँ यात्रीहरूले तत्कालीन शासकको वैभव र आर्थिक अवस्थाका विषयमा प्रकाश पारेका छन् ।

आर्थिक स्थिति राम्रै भएको कारणले मानगृह, कैलाशकुट भवन, भद्राधिवास भवन जस्ता विशाल राजप्रासाद बन्न सकेका थिए । व्यापारीहरू गुहमित्र र रत्नसंघ जस्ता सार्थबाहु (व्यापारी नाइके)का धार्मिक स्मारक नै बनाएका थिए । लिच्छवी कालमा सरकारद्वारा प्राय: सबैतिर र क्षेत्र तोकेर पनि कर लगाइएको पाइन्छ । लसुन, पिँडालु, माछा, दाउरा जस्ता कुरामा पनि कर लागेको हेर्दा पनि त्यसबेलाको आर्थिक स्थिति समुन्नत देखिन्छ । मध्यकालीन नेपाल झनै आर्थिक दृष्टिले समृद्धशाली हुन पुग्यो । खसिया मल्ल राजाहरूको केन्द्रबिन्दु सिञ्जा त सांस्कृतिक रूपमा मात्र सम्पन्न थिएन आर्थिक दृष्टिले पनि समुन्नत थियो । व्यापार व्यवसाय सप्रिएको थियो । त्यहाँका खस राजा जितारी मल्ल त काठमाडौं उपत्यका आक्रमण गर्न आइपुगेका थिए । यस्तो वैभवपूर्ण अतीत बोकेको हालको कर्णाली प्रदेश आर्थिक दृष्टिले सबैभन्दा विपन्न क्षेत्र हुन पुगेको छ । किन होला ? सोधखोज गर्दै जाँदा थाहा होला । मध्यकालमा त काठमाडौं उपत्यका आर्थिक दृष्टिले ज्यादै उपल्लो तहमा पुगेको थियो । कान्तिपुर, ललितपुर र भक्तपुर तीनै सहरमा निर्माण भएका मठमन्दिर तथा दरबारबाट उक्त सम्पन्नता झल्किन्छ । यी तीनै सहरको भोटसँग व्यापार खुब चलेको थियो । यहाँका नेवार व्यापारीहरूले भोटको आन्तरिक र बाह्य व्यापारमा एकाधिपत्य जमाएका थिए । उनीहरू भोटका विभिन्न स्थानमा विशिष्ट सम्मान प्राप्त गरी महाजन कहलिएका थिए । यही आर्थिक सम्पन्नताका कारण पृथ्वीनारायण शाहमा उपत्यका दखल गर्ने महत्वाकांक्षा जागेको थियो । यसै कालका व्यापारी शंखधर शाख्वाले राज्यलाई ऋणबाट मुक्त गरेको प्रसंगबाट व्यापारीको हैसियत ज्ञात हुन्छ । गोर्खाले विजय अभियान सञ्चालन गर्दा सैनिक परिचालनमा नै राज्यको अधिक स्रोत लगाउनु पर्‍यो । त्यसैले मुलुकले उल्लेख्य प्रगति गर्न सकेन । यसै समयमा चीन र अंग्रेजसँग युद्ध गर्दा ठूलो धनराशि खर्च हुन पुगेको थियो । साथै राजदरबार पनि पहिलेभन्दा विलासी बन्दै गएकाले पनि राष्ट्रिय ढुकुटीमा थप चाप पर्न गएको थियो । जंगबहादुरको अभ्युदय भएपछि अरू कुरा जे भए पनि राजनीतिक स्थायित्व आयो । मुलुकको आर्थिक अवस्थाले पनि कोल्टे फेर्‍यो । नेपालले भोट तथा हिन्दुस्तान दुवैतिरबाट विविध कारणले ठूलै काँटको दौलत संग्रह गर्न सक्यो । जहानिया राणाशासनमा शासक वर्गकै तजबीजबाट राष्ट्रिय धन खर्च हुन्थ्यो । राष्ट्रको आयस्रोत श्री ३ को निजी सम्पत्ति जस्तै थियो । यसैकारण जनता गरिब भए पनि शासक वर्ग धनी हुँदै गए । राजपरिवारले बनाएका दरबार र त्यसमा भएका चिजबिजहरूले उनीहरूको हैसियत बुझ्न सकिन्छ । लालदरबार, फोहोरादरबार, सिंहदरबार जस्ता अनेकौं भवनका विषयमा स्वदेशी तथा विदेशी लेखकहरूले पनि बयान गरेका छन् । राणाहरूले देखाएरै खाए । त्यसबेला अदृश्य स्रोतबाट रकम जम्मा गर्ने कमै थिए । तत्कालीन दस्तावेज हेर्ने हो भने सिंहदरबार बनेको खर्चको विवरणदेखि लिएर कसको कति तलब सुविधा थियो ? कसकसले कहाँ कति बक्स, बिर्ता पाए ? ती सबैको लगत छ । तिनै राणाशासकले बनाएका दरबारले आजसम्म धेरै सरकारी कार्यालय धानेको छ । सिंहदरबार जस्तो भवन अब कहिल्यै बन्न सक्दैन होला । अत: राणाकालमा पनि व्यापार व्यवसाय फस्टाएकै थिए । व्यापार घाटा थिएन । दु:खले सबैले आफ्ना आवश्यकता पूरा गरेका थिए तर हुने र नहुने बीचको दूरी भने ठूलै थियो । राणाहरूले विदेशबाट सहयोगको याचना गरेनन् । प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा त नेपाले अंग्रेज सरकारलाई अन्य सहयोगको अलावा नगद नै सहयोग गरेको दृष्टान्त पाइन्छ । विसं १९९० सालको भूकम्पमा जुद्धशमशेरले कसैसँग सहयोग लिन चाहेनन् । चन्द्रशमशेरका पालामा पशुपतिकै सञ्चित दक्षिणाबाट दासहरू मुक्त हुन सके । सन् १९२८ मा नेपाल-भोट युद्ध हुने स्थितिमा मुस्ताङतर्फबाट भोटमा चढाइँ गर्न जाने फौजलाई आवश्यक पर्ने रसदपानी हितमान शेरचन जस्ता व्यापारीले एक्लै उपलब्ध गराउने वचन पनि दिएका थिए । राणाकालसम्म नेपालको कुनै विकास कार्यका लागि विदेशबाट कुनै पनि आर्थिक सहयोग, अनुदान वा ऋण लिने गरेको देखिँदैन ।

विसं २००७ सालको परिवर्तन पश्चात् नेपालले आफ्नो व्यक्तित्व, परिचय र पहिचानमा ठूलो परिवर्तन आयो । पहिले हुन नसकेका कार्यहरूको थालनी भयो । शिक्षा, स्वास्थ्य, कृषि तथा यातायातका क्षेत्रमा नवीनतम आयोजनाहरू सञ्चालित भए । यी सबै कार्य नेपालको आन्तरिक बुताबाट मात्र सम्भव नहुँदा विदेशी सहयोग वा अनुदान/ऋण लिने कार्यको थालनी भयो । सोही कुराको निरन्तरता हालसम्म पनि छ । विसं २००७ सालदेखि २०१७ सालसम्म नेपालमा शिक्षा, स्वास्थ्य, यातायात, जलस्रोतको क्षेत्रमा महत्त्वपूर्ण कार्य भए । यी सबै परियोजनाहरूमा विदेशी सहायता लगायत ऋण प्रयोग गरियो । तर, विदेशी सहयोग लिंदा कतिपय क्षेत्रमा नेपालको चाहनाभन्दा दातृनिकायको चाहनाले जित्यो । यसैले विदेशी सहयोग लिँदा यदाकदा काँक्रोलाई थाक्रो हाल्दा थाक्रो धनी भएको देखियो । पञ्चायत कालमा पनि विदेशी सहयोगको मात्रा बढ्दै गयो । साथै व्यापार घाटा पनि बढ्दै गयो । कृषि क्षेत्रमा जतिसुकै लगानी गरे पनि आशानुकूल उपलब्धि आउन सकेन । विदेशी सहयोग लिँदा कतिपय नकारात्मक असर पनि देखिँदै गए । ती कुराको हेक्का कहिल्यै राखिएन । आज आएर हामीले जुनसुकै कुरामा पनि विदेशीकै मुख ताक्नुपरेको छ । ठूलाठूला दैवी प्रकोपको सामना गर्दा हामी विदेशीसँगै गुहार माग्छौं । ठूलाठूला आयोजना विदेशीले नै बनाइदिएका छन् । संसद् भवनजस्तो संवेदनशील भवन पनि विदेशीले बनाइदिनुपरेको छ । राणाहरूले दरबार नबनाएको भए अहिले के हुन्थ्यो होला, सोच्ने कसले ? अब त फोहोर उत्सर्जन गर्न पनि विदेशीकै मुख ताक्नु परेको छ । विसं २०४७ देखि हालसम्मकै गतिविधि हेर्दा मुलुकले सञ्चालन खर्चमा नै धेरै धनराशि खर्च गर्नुपरेको छ । राजनैतिक नेता र कार्यकर्ताहरू सुविधामुखी हुँदै गएका छन् । खर्च कम गर्नु पनि स्रोत परिचालन गर्नु हो भन्ने चेत कहिल्यै आएन । हरियो वन नेपालको धन अब एकादेशको कथा हुन पुग्यो । चीन र भारत दुवैतिर खाद्यान्न पठाउने मुलुक नेपाल आज उल्टै उतैबाट खाद्यान्नमा परनिर्भर हुनुपरेको विडम्बनापूर्ण अवस्था छ । बगेको खोलो फर्कँदैन भनेजस्तै हिजो द्वन्द्वको समयमा आफ्नो थातथलो छाडी अन्यत्र गएका नागरिक फेरि आफ्नो ठाउँमा नफर्किंदा आज कति खेतबारी बाँझै छन् । गाउँ उजाड छन् ।

गाउँमा बस्न नसकेर मुग्लान जाने वा खाडी जाने क्रम रोकिएको छैन । बरु दिनानुदिन बढेको बढ्यै छ । खाडी जानेको संख्या बढ्दा र सहरमा रमाउनेहरू धेरै देख्दा मानिसहरू अचम्म मान्न छाडे । विसं २०६२-०६३ पश्चात् त राजनेतालाई नै पाल्न धौधौ परेको छ । हिजो सरकारबाहिर हुँदा जनतालाई दिएको आश्वासन आज पेन्डुराको बाकस खोलेजस्तो सकस भएको छ । त्यसमाथि तीन तहका नेतालाई मुलुकले पालनपोषण गर्नुपर्दा आर्थिक अवस्था थप जर्जर हुन पुगेको छ । नेपालको आवश्यकताअनुसार नै यति धेरै सांसद तथा स्थानीय नेताहरू भएका हुन् वा सबैलाई भाग पुर्‍याउन संख्या बढाइएको हो ? यो प्रश्न अनुत्तरित छ । हिजो जेलनेल खाएका, हन्डर पाएका, सादगी जीवन बिताउने तिनै मनुवाहरू आज नेता हुँदा आहारविहार, बानीव्यवहार, वेषभूषामा अभूतपूर्व परिवर्तन किन आयो ? नेताहरूबाटै वैभव प्रदर्शन गर्ने बानी लाग्दा अन्यमा पनि त्यसको प्रभाव पर्नु स्वाभाविकै हो । युवा खाडीतिर, पढेलेखेका युरोप, अमेरिका र अस्ट्रेलियातिर जाँदा नेपाल वृद्धाश्रम भइसकेको देख्दा देख्दै पनि माझीको सल्लाह सकिएको छैन, किन हो ? हिजो जे थियो ठिक थियो भन्ने निष्कर्ष निकाल्नु किमार्थ ठिक होइन । तर, हिजो भएको अनुभवमा राम्रालाई राम्रा भन्नैपर्छ र कमजोरी सुधार्नैं पर्छ । थाहा छैन, सुधारात्मक प्रवृत्ति भित्रभित्रै होला कि ? बाहिर प्रकट हुन सकेको छैन । एकले अर्कालाई दोष लगाएर पन्छने प्रवृत्ति कहिलेसम्म ? हिजोका अनुभवबाट शिक्षा लिई भोलिका लागि रणनीति तयार पार्न ध्यान किन नदिने ? मठाधीशहरू काले काले मिलेर खाउ भाले भन्नेतिर नै लागेका छन् । नेताले गर्ने खर्च कम गर्न सकेमा मुलुकमा नै नि:शुल्क शिक्षा र अन्य सुविधा उपलब्ध गराउन सकिन्छ । यो त केवल एक उदाहरण हो । यी सबै कुरा बुझेर पनि हामी सबै नबुझ्ने जस्तो गरेर बस्ने कहिलेसम्म हो? इतिहासले हामी कसैलाई माफ दिने छैन । अस्तु !

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लाभको अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ। | **तुला** :प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। |
| **बृष** :अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। | **बृश्चिक** :विवाद बढ्ने सम्भावना छ। विगतको श्रमबाट भने लाभ हुनेछ। |
| **मिथुन** : मेहनत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। | **धनु** : सहयोगीहरूको भावना बुझ्ने प्रयत्न गर्नुहोला, दिन रमाइलो हुनेछ। |
| **कर्कट** :पहिलेका समस्या दोहोरिन सक्छन्। चिताएको काममा बाधा पुग्नेछ। | **मकर** :हिम्मतले काम लिँदा फाइदा हुनेछ। जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। |
| **सिंह** :आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। मनमा शंका उत्पन्न हुनेछ । | **कुम्भ** :आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। |
| **कन्या** :स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। | **मीन** : पहिलेका गल्ती सच्याउने मौका छ। चुनौती देखिए पनि स्वाभिमानको रक्षा गर्न सकिनेछ। |




बाल कथा — उद्धव उपाध्याय

# लोभ

एकदिन माझीको छोराले भोक लाग्यो भनी आमालाई पिर्न थाल्यो । घरमा अन्नको दाना र माछा पनि थिएन । आगो बाल्न सलाईसमेत सकिएको थियो । आमाले छोरालाई तिमीहरू बाबुछोरा समुद्रमा गई केही माछा पक्रेर ल्यायौ भने मात्र म खुवाउन सक्छु भनिन् । माझीले पुरानो जाल बोक्यो र समुद्रतिर हिँड्यो । माछा हाल्ने टोकरी लिएर छोरो पनि पछिपछि लाग्यो । उनीहरू समुद्रमा पुगेर जाल हाले । माझीलाई पक्का छ कि धेरै माछा जालमा पर्दैन किनभने उसको अनुभव नै यस्तै छ । छोरो चाहि कति माछा जालमा पर्ला भनी उत्सुक भई जालतिर हेर्दैछ । माझीले जाल तान्यो । दुईचार वटा स-साना माछाहरू परेछन् जालमा । छोराले भन्यो, 'यति त मेरो एक गाँस पनि पुग्दैन । आमाले के खाने ?' माझी बोलेन । छोराको कुरा नसुनेझैं गर्‍यो उसले। उसले भगवान्को स्मरण गर्दै जाल फेरि समुद्रतिर मिल्कायो ।

कुनै समुद्रको किनारमा माझीहरू स-साना झुपडी बनाएर जीवन बिताइरहेका थिए । उनीहरूको जीविका समुद्रको माछा पक्रेर सहरमा बेचेर चल्थ्यो । उनीहरूको मुख्य खाना पनि समुद्रमा पाइने माछा र अन्य जीवहरू नै हुन् । ती सबै गरिब हुन्छन् । सहर नजिकै भए पनि सहरको सुख सुविधाबाट उनीहरू टाढा नै हुन्छन् । त्यो माझीको बस्तीमा पनि एउटा अति नै गरिब माझीको परिवार थियो । ऊ यति गरिब थियो कि उसले माछा पक्रन नयाँ जालसमेत किन्न सकेको थिएन । जताततै प्वालै प्वाल परेको र सिउँदा पनि उघ्रेर जालमा परेका माछा फुत्केर भाग्थे । उसको आङमा कमिज नपरेको धेरै भइसक्यो, लुङ्गी लगाएर दिन बिताउँछ । उसकी श्रीमतीको सारी पनि धेरै ठाउँमा फाटेर टालिएको थियो । दश वर्षे छोरा पनि स्कुल जाँदैनथ्यो, बुबालाई माछा पक्रन सहयोग गर्थ्यो । ऊ पनि साधारण कट्टुमा हिंडिरहन्थ्यो ।

अरू माझीले झै उसले धेरै माछा पक्रन सक्दैनथ्यो, दुर्भाग्य नै भनौ उसको पुरानो जालमा धेरै माछा पर्दैनथ्यो । एकदिन माझीको छोराले भोक लाग्यो भनी आमालाई पिर्न थाल्यो । घरमा अन्नको दाना र माछा पनि थिएन । आगो बाल्न सलाईसमेत सकिएको थियो । आमाले छोरालाई तिमीहरू बाबुछोरा समुद्रमा गई केही माछा पक्रेर ल्यायौ भने मात्र म खुवाउन सक्छु भनिन् । माझीले पुरानो जाल बोक्यो र समुद्रतिर हिँड्यो । माछा हाल्ने टोकरी लिएर छोरो पनि पछिपछि लाग्यो । उनीहरू समुद्रमा पुगेर जाल हाले । माझीलाई पक्का छ कि धेरै माछा जालमा पर्दैन किनभने उसको अनुभव नै यस्तै छ । छोरोचाहि कति माछा जालमा पर्ला भनी उत्सुक भई जालतिर हेर्दैछ । माझीले जाल तान्यो ।

दुईचार वटा स-साना माछाहरू परेछन् जालमा । छोराले भन्यो, 'यति त मेरो एक गाँस पनि पुग्दैन । आमाले के खाने ?' माझी बोलेन । छोराको कुरा नसुनेझै गर्‍यो उसले । उसले भगवान्को स्मरण गर्दै जाल फेरि समुद्रतिर मिल्कायो । दुवै चुप छन् । अब के हुन्छ भन्ने मुद्रामा छन् । माझीले जाल तान्यो । जाल गह्रौ थियो । ऊ मनमनै खुसी भयो । उसले जालमा धेरै माछा परेको सङ्केत छोरालाई दियो र जाल तान्न मद्दत माग्यो । छोरो खुसीले बुर्लुक्क उफ्रयो र जाल तान्न बल गर्‍यो । बाबुछोरा मिलेर जाल ताने । आश्चर्य ! जालमा त एउटा अजङ्गको माछो पो रहेछ । अति राम्रो सलक्क परेको चम्किला आँखा, सुनकाजस्ता चहकिला कत्ला । माछालाई किनारमा ल्याएर उनीहरू त्यो माछाको सुन्दरतालाई हेर्न थाले । त्यो माछोले मान्छेको भाषा बोल्यो । उसले भन्यो, 'म यो समुद्रको रखवाला हूँ । मलाई जान देऊ । मलाई केही नगर । तिमीहरूले अब जाल हाल्दा धेरै माछा पर्ने छन्, आजदेखि तिमीहरूले दु:ख पाउनु पर्दैन ।' माझीले माछाले भनेको मान्यो । तर छोराचाहिँ जालमा परेको माछो गुमेकोमा दु:खी देखिन्थ्यो । र बोल्ने माछा देखेकोमा चाहिँ आश्चर्य चकित भएको थियो । माझीले फेरि जाल हाल्यो । ठूलो माछोले भनेझैं थुप्रै माछा परे जालमा । छोराले लगेको छोटकरीमा पनि माछाहरू अटाएनन् । यति धेरै माछा आजसम्म उसको जालमा परेको थाहा नै थिएन, उसलाई । उनीहरू खुसी हुँदै घर गए । माछाको थुप्रो देखेर माझीकी श्रीमती पनि खुसी भइन् । आज केही खाएर बाँकी माछा बजारमा बेच्न पनि पाइने भयो र केही पैसाको मुख देख्न पाइने भयो भन्न थालिन् । छोराले आफ्नी आमालाई बोल्ने माछोको विषयमा बेलिविस्तार लगायो । पहिले त पत्याइनन् । माझीले त्यो कुरा सत्य हो, आज धेरै माछा जालमा परेको पनि त्यही माछोको कारणले हो भनी संझायो । माझीकी श्रीमतीले पनि आफ्नी आमाको मुखबाट समुद्रमा परीहरू हुन्छन्, तिनीहरूले जे पनि वरदान दिन सक्छन् भनी सुनेकी थिई । आज उसले ती पुराना कथाको सम्झना गरी । उसले उत्साही बन्दै भनी, सत्यो त परी माछो हो, उसँग जे मागे पनि पाइन्छ । लौ तिमीहरू अहिले नै जाओ र परी माछासँग नयाँ घर मागेर आओ ।' माझीले पत्यायन र समुद्र जान अनकनायो । तर श्रीमतीको जिद्दीको अगाडि उसको केही लागेन । पकाएको अलिकति माछा खाएर समुद्रतिर हिँड्यो । माझीका बाबुछोरा समुद्रको किनारमा उभिएर ठूलो माछोलाई बोलाउन थाले । नभन्दै परी माछो किनारमा आई र किन बोलाएको भनी सोधिन् । माझीले भन्यो, 'हामी ज्यादै गरिब छौ, मेरी श्रीमतीले नयाँ घरमा बस्न मन गरेकी छ । के तिमीले हाम्रो इच्छा पुर्‍याइदिन्छ्यौ ?' परी माछाले हुन्छ, तिमीहरूको इच्छा अवश्य पूरा हुने छ भनिन् ।

माझीका बाबुछोरा घरतिर फर्के । छोराले आफ्नो सानो झुप्रोको स्थानमा राम्रो घर ठडिएको देख्यो । ऊ बुबा हाम्रो घर भनी चिच्यायो । नयाँ घरमा बस्न पाएकोले सबै खुसी भए । केही दिनपछि माझीकी श्रीमतीले भनिन्, 'घर मात्र नयाँ भएर के गर्ने, यसको सजावटको लागि फर्निचर, ओछ्याउने गलैंचा, लगाउन राम्रा राम्रा कपडाका लुगा, सुनचाँदीका भाडावर्तनको आवश्यकता छ । परी माछासँग अनुरोध गरेर आउनु होस् ।' माझीले भन्यो, 'हामीलाई यतिले पुगेकै छ, किन त्यस्ता कुरा माग्ने- परी रिसाइन भने - के होला ।' श्रीमतीले भनिन् 'परी रिसाउने कुरै छैन, उनले बोले पुग्छ, आफ्नो दिनु पर्ने होइन ।' माझी फेरी समुद्रको किनारमा गएर 'ए परी माछा, ए परी माछा' भनी बोलाउन थाल्यो । परी माछा देखापरिन् । माछा पहिलेको भन्दा अलि ठूलो देखिएको थियो । माझीले आफ्नो कुरा भन्न आँटेको मात्र थियो, माछाले भनिन्, 'मलाई तिम्रो श्रीमतीको चाहनाको विषयमा थाहा भइसक्यो । ती इच्छा पूरा हुनेछन्, सन्तोषर्पूवक घर जाऊ ।' माझी घर फर्क्यो । आफूले भनेको कुरा पाउँदा माझीकी श्रीमती झनै खुसी भइन् । सानो परिवारलाई केही दु:ख थिएन । माछाको व्यवसाय राम्रै चलेको थियो । माझीकी श्रीमतीलाई अझ अरू बढ्ता पाउने इच्छा भयो । उसले यसपटक माझीलाई परी माछासँग राजाको जस्तो विशाल सुन्दर महल माग्न अह्राइन । माझीले यसपटक त श्रीमतीको कुरा नमान्ने निधो गरेको थियो । तर दिनरात एउटै कुरालाई श्रीमतीले दोहर्‍याइ रहेकीले ऊ पनि दिक्क भयो । ऊ समुद्रको किनारमा गएर परी माछालाई बोलाउन थाल्यो । परी माछा देखापरिन् । उनको आँखा पहिलेका भन्दा ठूल्ठूला थिए, कत्लाहरू पनि बडेमानका देखिन्थे । माझीले आफ्नो कुरा बतायो । परी माछाले भनिन्- 'तिमीहरूको लोभले सीमा नाधिसक्यो । भोलि तिमीहरूले मलाई चन्द्र सूर्य चाहियो भन्न पनि बेर मान्दैनौ । अहिले दिएको पनि बढी भयो । लोभी स्वभावका कारणले तिमीहरूले पाएका सबै सुविधा हराउने छन् । अब आफ्नै पुरानो जीवनमा चित्त बुझाउने कोसिस गर ।' यति भनी माछा समुद्रमा बिलायो । माझी दिक्क भई घर फर्क्यो । श्रीमती पहिलेकै अवस्थामा थिइन्, घर त्यही झुपडी थियो । एउटाले गरेको लोभको परिणाम सबैले भोग्नै पर्छ । माझीले छोरालाई भन्यो, 'ए छोरा, त्यो पुरानो जालले त, तुनतान गरी समुद्रमा जाल थाप्न जानु पर्‍यो ।'

-साहित्य संग्रहालय डटकम

निबन्ध — उमेश रेग्मी

# भातको महिमा



भोकले पेट अघि देखिनै बटारिरहेको अवस्थामा 'भात पस्किसके' भन्ने आमाको बोलाइ 'के खोज्छस् कानो, आँखो' भने झैं भयो । म दौडे भान्छातिर । त्यहाँ भात मात्र थिएन । सोधे आमालाई, "आमा ! भात खान आऊ भनेर बोलाउनु हुन्छ तर भात मात्र हुँदैन । भातसँग दाल अनि तरकारी पनि हुन्छ फेरि किन 'भात खान आऊ' भन्ने कथन चल्या होला हगि ? दाल खान आऊ भने हुन्थ्यो । अझ तरकारीको नामै लिएर 'रायो को साग' खान आऊ भने नि हुन्थ्यो ।" आमाले विस्तारपूर्वक सम्झाउनु भयो, "यो परम्परादेखि चल्दै आएको कुरा हो, हाम्रा भान्छामा 'भात खान आऊ' हुन्छ । ठुला बडालाई यही कुरा 'भुजा ज्युनार गर्न सवारी होस्' हुन्छ भने गरिबको चुलोमा 'ए भाते, घिच्न आइज' हुन्छ । कुरो एउटै हो तर भनाइ फरक छ बाबु ।" मैले बुझे झैँ टाउको हल्लाएँ । बा "भात पचाएर आउँछु" भन्दै निक्लनु भयो । म चाहिं स्कूलतिर दौडिएँ । भर्खर आठ कक्षामा पढ्दै गरेको मेरो दैनिकी बिहान भात खाएरै शुरु हुन्थ्यो ।

"भात पस्किसके, खान आऊ है सबै जना", आमाले बुइगलबाटै कराउनु भयो । भोकले पेट अघि देखिनै बटारिरहेको अवस्थामा 'भात पस्किसके' भन्ने आमाको बोलाइ 'के खोज्छस् कानो, आँखो' भने झैं भयो । म दौडे भान्छातिर । त्यहाँ भात मात्र थिएन । सोधे आमालाई, "आमा ! भात खान आऊ भनेर बोलाउनु हुन्छ तर भात मात्र हुँदैन । भातसँग दाल अनि तरकारी पनि हुन्छ फेरि किन 'भात खान आऊ' भन्ने कथन चल्या होला हगि ? दाल खान आऊ भने हुन्थ्यो । अझ तरकारीको नामै लिएर 'रायो को साग' खान आऊ भने नि हुन्थ्यो ।" आमाले विस्तारपूर्वक सम्झाउनु भयो, "यो परम्परादेखि चल्दै आएको कुरा हो, हाम्रा भान्छामा 'भात खान आऊ' हुन्छ । ठुला बडालाई यही कुरा 'भुजा ज्युनार गर्न सवारी होस्' हुन्छ भने गरिबको चुलोमा 'ए भाते, घिच्न आइज' हुन्छ । कुरो एउटै हो तर भनाइ फरक छ बाबु ।" मैले बुझे झैँ टाउको हल्लाएँ । बा "भात पचाएर आउँछु" भन्दै निक्लनु भयो । म चाहिं स्कूलतिर दौडिएँ । भर्खर आठ कक्षामा पढ्दै गरेको मेरो दैनिकी बिहान भात खाएरै शुरु हुन्थ्यो । स्कूलको ढोकामा साथी भेटे झोक्राएर बसेको ।

सोधे उसलाई, "भात खा छैनस् कि क्या हो ? किन न्याउरो मुख लगाएर बसेको ?"

बिस्तारै बोल्यो ऊ, "आमाले बासी भात दिनु भो, पेट दु:खिरा'छ ।"

उसको दुखेको पेट लिएरै हामी कक्षा कोठातिर छिड्यौं । नेपाली पढाउने गुरु बा आउनुभयो कक्षा कोठामा ।

"ढ्याउ !" उनले डकारेको सबैले सुने । ठुलो हाँसो गुन्ज्यो कक्षा कोठामा ।

"के भो गुरु बा, डकार त दह्रो छ नि ?" मैले जिस्काएँ ।

"के हुनु नि बाबु, बिहान भात अलि धेरै खाइयेछ ।" कुरा त यहाँ पनि भात कै रहेछ !

स्कूल छुट्टि हुने बेलामा दुई केटाहरूको ढोकैमा मारमुंग्री पर्न थाल्यो ।

"ए भाते तेरा बाउको के खाइदया छ र ? मलाई जथाभाबी भन्छस् ?"

अर्को उता गर्जिंदै थियो, "तँ भतुवा, तैंले हैन मलाई अस्ति गाली गरेको ?"

उनीहरूको झगडाको संवादमा पनि भातले नै प्रभुत्व पाइरहँदा मलाई भात भन्दा अरू कुनै ठुलो र महत्त्वपूर्ण खानेकुरा संसारमा नै छैन भने झैं लागेथ्यो । स्कूल सकाएर घर फर्कें । आमा अगाडी नै हुनुहुन्थ्यो । सोधे, "खाजा के छ?" आमाले सजिलै उत्तर दिनुभयो, "भुटेको भात" । खाजा कतिखेर सकिसकेछ, आफूले थाल चाटिरहेको देखेर आमाले "खाजा पुगेन कि कसो" सोधे पछि झस्केको थिएँ म । स्कूलको गृहकार्य गरेर बसिरहेको बेला बा छिर्नु भयो घरमा । "भातमाराहरूले देशलाई सिध्याएरै छोड्ने भए", उहाँ आफ्नै तालमा गाली गर्दै हुनुहुन्थ्यो कसैलाई । राजनीतिमा मलाई चासो थिएन तर कुरा बुझ्ने भै सकेको थिए । देशको सम्पत्तिमा 'भतेर' लगाउँदै वाह वाह लुट्ने नेताहरूलाई 'भातमारा' को संज्ञा दिंदा म अचम्मित भइनँ । त्यही बेला बाले टिभी खोल्नु भयो । समाचार आइरहेथ्यो - "जुम्ला, हुम्ला लगायत कतिपय जिल्लामा मान्छेले भात खान पाएनन् रे ।" बा फेरि गाली गर्न थाल्नु भयो, "भातमाराहरूलाई कसले खान पायो, को भोकै छ के मतलब ।" बाको गालीको बीच आमाको आवाज सुनिएन । उहाँ कराइरहनु भएको रहेछ, "भात पाक्यो, खान आउने होइन ?" हामी बाउ-छोरा लाग्यौं भान्छातिर फेरि भात खान ।

भात खाइरहँदा आमाले भन्नु भयो, "हामीलाई पनि भोली भुजा खान निम्तो छ काजीसापको घरमा ।"

"ओहो ! हामीले पनि भुजा खान पाइने भो", मैले आफ्नो खुशी व्यक्त गरेँ । तर बा किन हो खुशी देखिनु भएन । भन्नुभयो, "त्यो काजीले कतिको भात खाने खेत खाइदिएको छ । गाउँमा निमुखाहरूलाई बिचल्ली पारेर आफू चाहिं भुजा खाको भन्दै फुर्ती लाउँदै हिंड्छ । त्यसको भाते भुँडी कुन दिन बेलुन फुट्या जस्तै 'ड्वाङ्ग' फुट्छ हेरिराख्नु ।" भुजा खाने निम्तोले रमाएको बेला बाको ताल न तुलको कुरालाई त्यति ध्यान दिइनँ मैले ।

भोलीपल्ट बिहान किन हो मलाई पेट दुखिरहेको थियो । सुनाएँ आमालाई । "हिजो भात धेरै खाको थिस् त्यसैले होला । आज एक दिन भात नखानु ठिक हुन्छ ।" साथीलाई सम्झें । उसले त बासी भात खाएथ्यो । तर मलाई किन दुख्यो ? थोरै भए पनि भोक लागिरहने धेरै भए पेट दुख्ने, कस्तो यो भात पनि । आमाले एक दिन अब भात नखानु भने देखिनै मन विचलित भै रहेथ्यो काजीसापको निम्तोमा भुजा खान नपाइने भयो भनेर । काजीसापका जानुअघि आमाले 'भातको भाइ' भन्दै कचौराभरि लेराइदिनु भयो । पछि थाहा पाएँ, त्यसलाई जाउलो भन्दो रहेछ । भात र दालको मिश्रित रूप रहेछ त्यो । काजीसापको घरमा भुजा खान नपाएको मैले त्यही 'भातको भाइ' खाएर दिन गुजार्नु पर्यो । आमा बा घरमा नभएको मौका छोपी तल्लो घरको च्यान्टे आयो मसँग खेल्न । मलाई देख्ने बित्तिकै भन्यो, "हाम्रा घराँ भातै पकाउन्नन् आमोइले । भात खान देऊ भन्यो कि 'तँ भातेलाई काँबाट पकाएर भात खुवाउनु अब ! पकाको जति तेरा बाउलाई जाँड बनाउँदै ठिक्क छ' भन्छिन् । म त भात खान नपाएर कस्तो भै सके ।" लौ न ! मान्छेलाई खान यहाँ भात छैन, यसका घरमा चाहिँ जाँड बनाउन भात पाक्दो रहेछ । म छक्क परें कुरो सुनेर । मैले बुझिसकेको थिएँ, भात एउटा यस्तो खाना हो जो जति खेर खाए पनि हुन्छ, जसरी खाए पनि हुन्छ । जे मा मिलाए पनि हुन्छ । यसका विभिन्न प्रकार हुन्छन् र त्यसबाट बन्ने कैयौं परिकारहरू अझै पनि अनुसन्धानमै छन् ।

-साहित्यपोष्ट डटकम

## नेत्रज्योति संघ पाल्पाको साधारण सभा

# ‘स्वास्थ्य क्षेत्रमा स्वयंसेवक भावनाले अगाडि बढ्नुपर्छ’




**पाल्पा,** माघ २४/नेपाल नेत्र ज्योति संघ लुम्बिनी प्रदेशका सभापति सागर प्रताप राणाले स्वास्थ्य क्षेत्रमा स्वयंसेवक भावनाले अगाडि बढ्नुपर्ने बताएका छन् । नेपाल नेत्रज्योति संघ पाल्पाको २३ औं वाार्षिक साधारणसभालाई तानसेनमा सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका राणाले स्वास्थ्य जस्तो संवदेशील विषयमा स्वयंसेवक भावना राख्नुपर्ने बताएका हुन् ।

उनले आँखाको उपचार जस्तो सम्वेदनशील विषयमा राजनीति गर्न नहुँने भन्दै स्वयं सेवक भावनाले अगाडि बढ्नुपर्नेमा जोड लिए । सभापति राणाले भने ‘पछिल्लो समय कही कतै स्वास्थ्य जस्तो वियषमा रानीनितक गन्ध आउने गरेको छ, हाम्रो आखाँ जस्तो स्वास्थ्यको क्षेत्रमा त्यस्तो हुनु हुँदैन, हामी स्वयंसेवक भावनाले काम गर्नुपर्छ ।’ उनले संघको समन्वयमा चन्दादाता जग्गा दाताहरुको सहयोगले देशभरका आँखा अस्पताल सञ्चालन भएको समेत बताए । संघ पाल्पाका सभापति बुद्धिप्रसाद शर्माले पाल्पामा आँखाको उपचार प्रभावकारी बन्दै गएको बताए । उनले ‘संघमा आवद्ध साथीहरु स्वयसेवक भावना लिएर अगाडि बढ्नु भएकाले हाम्रो सेवा प्रभावकारी बन्दै गएको छ ।’ कार्यक्रममा संघका सचिव राजेन्द्र लिगलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै फागुन महिनादेखि आधुनिक प्रविधिबाट आँखाको शल्यक्रिया हुने तयारी भएको बताए । सचिव लिगलले संघले पाल्पा लायन्स लाकौल आँखा अस्पताल तानसेन, कालीगण्डकी आँखा उपचार केन्द्र रामपुर, तिनाउ आँखा उपचार केन्द्र दोभान र छहरा आँखा उपचार केन्द्र छहरा गरी ४ स्थानबाट सेवा प्रदान गर्दै आएको जानकारी गराए । उनले गुल्मी अर्घाखाँची र रामपुरमा महिनाको एक पटक शल्यक्रिया सेवा दिदै आएको समेत बताए । कार्यक्रममा कोषाध्यक्ष बेदराम श्रीसले संघको तर्फ करिब ८ लाख बराबरको र आँखा अस्पतालकोतर्फ ४ करोड ४३ लाख ८३ हजार ९ सय ३८ बराबर को आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा आजीवन सदस्य केदारलाल श्रेष्ठ, छिमेकी जिल्ला नेत्रज्योति संघका कोषाध्यक्ष राजेश ढकाल, कालीगण्डकी आँखा उपचार केन्द्रका प्रतिनिधि भोजेन्द्रप्रकाश ढकाल लगायतले संघको सफलताको शुभकामना व्यक्त गरे । सोही अवसरमा संघका पूर्व सहसचिव स्वर्गीय लोकप्रसाद ढकालको स्मृतिमा धर्मपत्नी शारदा ढकालले अस्पतालमा कक्ष निर्माणका लागि ३ लाख ५ रुपैयाँ आर्थिक सहयोग गरेकी छन् । कार्यक्रम संघका सभापति बुद्धिप्रसाद शर्माको अध्यक्षता, उपसभापति भिमसेन कार्कीको स्वागत, सचिव राजेन्द्र लिगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# अफ्रिकालाई न्युजिल्याण्डले हरायो



**काठमाडौं,** माघ २४/पहिलो टेस्ट क्रिकेटमा दक्षिण अफ्रिकालाई न्युजिल्याण्डले हराएको छ । २ सय ८१ रनको फराकिलो अन्तरले अफ्रिकालाई न्युजिल्याण्डले हराएको हो ।

रनको आधारमा टेस्ट क्रिकेटमा न्युजिल्यान्डको यो दोस्रो ठूलो जित हो । यसअघि २०१८ मा क्राइस्टचर्चमा भएको खेलमा न्युजिल्यान्डले श्रीलङ्कालाई ४ सय २३ रनले हराएको थियो । न्युजिल्यान्डले दिएको ५ सय २९ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका पाँचौं दिनको चिया समयपछि २ सय ४७ रन बनाउँदा अल आउट भयो । दक्षिण अफ्रिकाका डेभिड बेदिंमले ८७ रन बनाए न्युजिल्यान्डका केल जेमिनसनले ४ र मिचेल स्यान्टनरले ३ विकेट लिए । न्युजिल्यान्डले दोस्रो इनिङ्समा ४ विकेट गुमाएर १ सय ७९ रन बनाउँदा इनिङ्स सकिएको घोषणा गरेको थियो । न्युजिलयान्डका केन विलियमसनले शतक बनाए । दक्षिण अफ्रिकाका नेल ब्रान्डले २ विकेट लिए । यसअघि माउन्ट मानगनुईमा टस जितेर ब्याटिङ गरेको न्युजिल्यान्डले पहिलो इनिङ्समा ५ सय ११ रन बनाएको थियो । न्युजिल्यान्डका रचिन रविन्द्रले दोहोरो शतक र केन विलियमसनले शतक बनाए । दक्षिण अफ्रिकाका नेल ब्रान्डले ६ विकेट लिए । दक्षिण अफ्रिका पहिलो इनिङ्समा १ सय ६२ रनमै अल आउट भएको थियो । दक्षिण अफ्रिकाका केगन पिटरसनले ४५ रन बनाए । न्युजिल्यान्डका म्याट हेनरी र मिचेल स्यान्टनरले समान ३ विकेट लिए । यी दुईबीचको दोस्रो तथा अन्तिम टेस्ट क्रिकेट फेब्रुअरी १३ देखि ह्यामिल्टनमा शुरु हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# ‘सहकारीहरूलाई राष्ट्र बैंकको मातहतमा ल्याइन्छ’



**पाल्पा,** माघ २४/अर्थमन्त्री डा. प्रकाशशरण महतले ठूलो कारोबार गर्ने सहकारीहरुलाई राष्ट्र बैंकको मातहतमा ल्याइने बताएका छन् । बुधबार इकोनोमिक मिडिया एसोसिएशन नेपाल (इमान) ले काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारीहरुलाई राष्ट्र बैंकको मातहतमा ल्याइने बताएका हुन् ।

पछिल्लो समय सहकारी सञ्चालकहरु रकम लिएर फरार रहेका समाचारहरु आइरहेका बेला अर्थमन्त्री महतले सहकारी बेथितिलाई नियन्त्रण गर्न यस्तो गर्न लागिएको बताएका छन् । उनले सहकारीहरु मर्ज गर्ने हो भने राष्ट्र बैंकको वित्तीय संस्थाको रुपमा जानुपर्ने समेत बताए । अर्थमन्त्री महतले समग्रमा अहिले देशको अर्थतन्त्र लयमा फर्किरहेको दाबी गरे । उनले बाह्य क्षेत्र पनि नेपालमा लागानी गर्न सकारात्मक रहेको बताए । अर्थतन्त्र बिस्तारै चलायमान हुँदाहुँदै पनि हाम्रो बजेटरी प्रणालीमा अझै समस्या रहेको उनको भनाई छ । अर्थमन्त्री डा. महतले बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको ऋण तिर्नुको विकल्प नरहेको पनि बताए ।

उनले अहिले बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिनेहरुका लागि केही सहज भएको र यो राहतलाई हेरेर ऋणीहरुले ऋण तिर्नुपर्ने बताए । अर्थमन्त्री महतले बैंकको जस्तो कारोबार गर्ने वित्तीय संस्थाहरु सहकारी हुन नसक्ने पनि बताए ।

# प्रतिनिधि सभा बैठक : समसामयिक...

...सांसद अनिसा नेपालीले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रतिस्पर्धी, व्यावसायिक र आधुनिक बनाउन आवश्यक रहेको बताइन् । बर्दिया जिल्लामा बाघको आक्रमणको त्रास रहेको विषय सांसद अब्दुल खांनले उठाए । सांसद अशोक चौधरीले समावेशिताको अधिकार थारु समुदायले उपयोग गर्न नपाएको बताए । सांसद ज्वाला कुमारी साहले ललितपुर घटनाको दोषी पत्ता लगाई कारबाही गरिनुपर्ने बताइन् । सांसद ईश्वरबहादुर रिजालले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने भनी विगतका सरकारले गरेको निर्णय कार्यान्वयनको अवस्थाबारे बताए । भूमिहीन र सुकुम्बासीका समस्या समाधानका लागि सरकार गम्भीर हुन नसकेको विषय सांसद ऋषिकेश पोखरेलले उठाए । सांसद एकनाथ ढकालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट अवैध सुन भित्रिने गरेको, अध्यागमनका कर्मचारी नै भिजिट भिसामा विदेश पठाउन संलग्न भएको तथा त्यहाँ कर्मचारी र प्रहरीबीच मनमुटावका विषयमा गम्भीर भएर छानबिन गरिनुपर्ने बताए । सांसद किरणकुमार साहले आरती साहलाई न्याय दिलाउन संसदमार्फत सरकारको ध्यानाकर्षण गराए । राष्ट्रिय क्रिकेट टोली र अण्डर-१९ क्रिकेट टोलीलाई सरकारले उपलब्ध गराउने भनेको पुरस्कार राशि तत्काल उपलब्ध गराउन सांसद गणेश पराजुलीले सरकारसँग माग गरे । सांसद गोमा लाभ सापकोटाले अहिले पनि विद्यालय जाने उमेर समूहको करिब साढे आठ लाख बालबालिका विद्यालय जानबाट वञ्चित भइरहेको विषय उठाइन् । सांसद गंगाप्रसाद यादवले सिरहा जिल्लामा लागुऔषध कारोबार बढेको विषयमा सरकारको ध्यानाकर्षण गराए । अर्का सांसद जावेदा खातुनले बर्दिया जिल्लामा भारतसँगको खुला सीमाका कारण मानवतस्कर र लागुऔषध कारोबार बढेको बताए ।

# रामपुरमा लोक भजन...

...सात जनाको समूहभित्रबाट गायन, वाद्यवादन र नृत्यकला व्यवस्था गर्नुपर्ने, भजन प्रचलित नेपाली भाषामा हुनुपर्ने, वाद्यवादनका साधन नेपाली प्रचलित लोक बाजामा आधारित हुनुपर्ने आयोजकले मापदण्ड तोकेको छ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमश: नगद १५ हजार, १० हजार, पाँच हजार र दुई हजार पाँच सय साथमा प्रमाणपत्र पुरस्कार प्रदान गरिने भजनकीर्तन मण्डलीका अध्यक्ष ढकालले जानकारी दिए । गाउँघरमा हुने पूजाआजा, विभिन्न देवीदेवताका मठ मन्दिर, धार्मिक तीर्थस्थललगायतका विभिन्न ठाउँ-ठाउँमा भगवानकै नाम जप्दै भजनकीर्तन गाउने र नाच्ने गरिन्छ । यसमा सबै उमेर समूहका मानिस सहभागी हुने गर्दछन् । यस्ता परम्परागत मौलिक संस्कृतिले समुदायको पहिचान बोकेको हुन्छ । छरिएर रहेका संस्कृतिसँगै भजनलाई एकीकृत गर्दै संस्थागत रुपमा रामपुर भजनकीर्तन मण्डलीले संरक्षणका लागि ल्याएको अभियानले लोक संस्कृतिको जगेर्ना मात्र नभई नयाँ पुस्ताले अनुशरण गर्न पाउने मण्डलीका सल्लाहकार लेखनाथ शर्मा मरासिनीले बताए । कालीगण्डकी बैंसीका लोकभजनको साथमा स्थानीय बाजा, संस्कृतिलाई उजागर, संरक्षण र पहिचान गराउँदै नयाँ पुस्तामा लोक भजन, संस्कृतिलाई अवलम्बन गराउनका लागि संस्थागत रुपमा यसको संरक्षणमा रामपुरवासी जुटेका छन् । देवीदेवताका विभिन्न मठमन्दिर, देवालयमा दैनिक भजनकीर्तन गाउने चलन छ । धार्मिक आस्थाको रुपमा रहेको लोक भजनकीर्तन संरक्षणमा रामपुर भजनकीर्तन मण्डलीले गरेको कार्य सबैका लागि प्रशंसनीय बनेको स्थानीय जेष्ठ नागरिक बताउँछन् । *-रासस*

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई